जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १५७ | २०७७ साल माघ ७ गते बुधबार (20 Jan. 2021 Wednesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : घुरले ज्यान ... ३ पृष्ठमा : उखु किसानले सबै रकम भुक्तानी ... ३ पृष्ठमा : भारतको सुरतमा ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## दुई पालिका जोड्ने पुल निर्माण कार्य ६ वर्षदेखी अलपत्र

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

सप्तरीको दुई वटा पालिका जोड्ने पक्की पुल निर्माण कार्य अलपत्र परेको छ ।

जिल्लाको कंचनरुप नगरपालिका र तिरहुत् गाउँपालिका जोड्ने सुन्दरी खोलामा पुल निर्माण कार्य ६ वर्षदेखी अलपत्र परेको हो ।

आ.ब. २०७१/०७२ देखी पुल निर्माण कार्य सुरु गरि आ.ब. २०७३/०७४ मा सम्पन्न गरिसक्नु पर्नेमा हालसम्म पनि सो कार्य पुरा हुनसकेको छैन् ।

सडक डिभिजन लहान कार्यलाय सिरहामार्फत ठेक्का पाएका निल गिरी कन्स्ट्रक्सनले तीन वर्षमा पुल निर्माण सम्पन्न गर्नुपर्ने तर, सात बर्षमा पनि पुल निर्माण गर्न सकेका छैन् ।

पुल निर्माण कार्य सम्पन्न नहुँदा बाढीको समयमा स्थानियलाई जोखिमपूर्ण तरिकाले खोला तर्नु पर्ने समस्या हुने गरेको छ ।

बरमझिया र कंचनपुरबाट पश्चिम भएर तिरहुत गाउँपालिकातर्फ जाने बाटोमा पर्ने सुन्दरीखोलामा पुल निर्माण नहुदा तिरहुतको पिपराही, गोइठी, मैनाकडेरी र धनपुरी गाउँका करिब दुई हजार ५ सय जनतालाई कंचनपुर बजार आवतजावत गर्न समस्या हुने गरेको स्थानियबासी मुकेश यादवले बताएका छन् ।

यस्तै बिरामी परेको बेला खोलापार गर्न स्थानियलाई निकै कठिनाई हुने गरेको तथा यस विषयमा पटक पटक सम्बन्धित निकायलाई जानकारी गराइए पनि कुनै सुनुवाई हुन नसकेको स्थानिय गोपाल गुप्ताले गुनासो गरे ।

## पत्रकार महासंघ परिसरमा रहेको होटलमा चोरी



**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको परिसरमा रहेको होटलमा सोमबार राती चोरी भएको छ ।

सोमबार मध्यरात होटलको ताला फुटाएर खुत्रेकोमा राखिएको १४ हजार, बाकसमा रहेको २ हजार तथा केही कागजपत्र चोरेर लगेको होटलका संचालक बलराम साहले जानकारी दिएका छन् ।

सोमबार बेलुका ८ बजेतिर होटल बन्द गरेर घर गएका उनी मंगलबार बिहान होटल खोल्न आउँदा मुख्य गेटको ताला फुटाएर चोरी भएको थाहा पाएका थिए ।

यता चोरीको घटनाबारे अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## राजविराज आउँदै गरेको माइक्रो दुर्घटनामा तीनको मृत्यु, आधा दर्जन बढी घाइते



**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

विराटनगरबाट राजविराजतर्फ आउँदै गरेको माइक्रो र मोटरसाइकल एकआपसमा ठोकिदा भएको दुर्घटनामा मंगलबार तीन जनाको मृत्यु भएको छ । घटनामा आधा दर्जन भन्दा बढी यात्रु घाइते भएका छन् ।

बिराटनगरबाट राजविराजतर्फ आउदै गरेको प्रदेश १-०२-११०ज.३८६८ नम्वरको माइक्रो तथा विपरित दिशाबाट आउँदै गरेको को.३४प. ४६९४ नम्वरको मोटरसाइकल एकआपसमा ठोकिदा सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक सुनसरीको इनरुवा नगरपालिका ३ का ४४ वर्षिय विर्ख मण्डल तथा माइक्रोका सहचालक राजविराज नगरपालिका १ निवासी २२ वर्षिय शंकर यादव तथा सोही माइक्रोमा सवार एक महिलाको मृत्यु भएको छ । यद्पी

*बाँकी दुई पृष्ठमा*

## सबै वडामा काँग्रेसको प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

संसद विघटनको बिरोधमा चरणबद्ध आन्दोलन गर्दै आएको नेपाली काँग्रेसले आगामी माघ ८ गते वडा स्तरमा बिरोध कार्यक्रम गर्ने भएको छ ।

सप्तरीको सबै १ सय ६४ वटै वडामा बिहीबार संसद विघटनको प्रदर्शन गर्ने तय भएको काँग्रेस सप्तरीका दिनेश कुमार यादवले जानकारी दिएका छन् ।

उनका अनुसार कार्यक्रमलाई प्रभावकारी ढंगले सम्पन्न गर्न प्रत्येक वडामा प्रतिनिधि र पर्यवेक्षक समेत खटाइसकिएको छ । काँग्रेसका केन्द्रिय सर्कुलर अनुसार पहिलो चरणमा प्रतिनिधिसभा सदस्य, दोश्रो चरणमा प्रदेशसभा क्षेत्र तथा तेश्रो चरणमा पालिकास्तरमा बिरोध कार्यक्रम गरिसकेको जानकारी दिँदै सभापति यादवले चौथो चरणमा वडास्तरमा कार्यक्रम गरि आन्दोलनलाई निरन्तरता दिइएको बताए ।

## संसद विघटन बिरुद्ध जसपाको आज प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

संसद विघटनको बिरोधमा जनता समाजवादी पार्टी नेपालले बुधबार बिशाल बिरोध प्रदर्शन र जनसभाको आयोजना गर्ने भएको छ ।

सप्तरी सदरमुकाम

*बाँकी दुई पृष्ठमा*






## सम्पादकीय ....

# विपन्न जनताप्रति स्थानिय सरकार जिम्मेवार बन

दुई दिनदेखी घाम लागेपछि पुनः अहिले चिसो बढेको छ। यस अवस्थामा बालबालिकादेखी बृद्धबद्धासम्म सबैभन्दा बढी प्रभावित भएका छन्। त्यसमा पनि गरिब, निमुख्खा जनता यसबाट प्रभावित हुँदा हुँदै पनि हालसम्म कुनै पनि निकायले त्यसप्रति चासो दिनसकेका छैनन्। स्थानिय सरकारसमेत ती निमुख्खा जनताप्रति मुकदर्शक बनेको छ। सप्तरी जिल्लामा बढी गरिब, दलित तथा विपन्न समुदायको बसोवास छ। तर पनि कुनै पनि निकाय उनीहरुको समस्याप्रति गम्भिर भएको देखिन्न्।

दुई छाक खान धौं धौं पर्ने ती परिवारहरु अहिले चिसोका कारण विचल्लीमा परेका छन्। हुन त यो समस्या यस वर्षको मात्र नभएर प्रत्येक वर्ष चिसोको समयमा यस्ता समस्या आउने गर्दछ। यसका लागि पूर्वतयारी तथा पूर्वसतर्कता अपनाउनु पर्ने हो। विपन्न परिवार गर्मीको बेला मौसमसँग लड्न सक्छन् तर, चिसोको समयमा न्यानो कपडाको व्यवस्था गर्न सक्दैनन् उनीहरु दाउरा जोहो गरि बालेर जसोतसो दिनरात कटाउने गर्दछन्।

तसर्थ ती परिवारप्रति स्थानिय सरकार बढी जिम्मेवार बन्नु पर्दछ। कम्तिमा चिसोको समयमा उनीहरुको जिवनयापनका लागि कुनै व्यवस्था मिलाउनु सम्बन्धीत निकाय जिम्मेवार बन्नु जरुरी छ।

# घुरले ज्यान लिँदै

**राजु विश्वकर्मा**
लहान, ६ माघ (रासस)।

चिसो छल्न बालिएको घुरबाट आगो सल्केर गत शनिबार सिरहाको बरियारपट्टि गाउँपालिका-१ का ८५ वर्षीया प्रयागीदेवी साहको मृत्यु भयो। घुरमा आगो ताप्ने क्रममा कपडामा आगो सल्किँदा जलेर घाइते साहलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो।

त्यसको केही दिनअघि पुस २२ गते सिरहाको मिर्चैया नगरपालिका-७ मा एक नबालकको घुरको आगोमा जलेर मृत्यु भयो। मिर्चैया नगरपालिका- ८ का रसिद राइनको ८ वर्षीय छोरा जावीर राइनको आगोमा जलेर मृत्यु भएपछि गाउँमा रुवावासी नै चल्यो। यसअघि घुरकै आगोमा जलेर सप्तरीको राजविराज नगरपालिका बोरियाका ८५ वर्षीय वृद्धको मृत्यु भएको थियो। यसरी शीतलहर बढ्दै जाँदा घुर बालेर आगो ताप्ने क्रम बढ्सँगै आगोमा जलेर मृत्यु हुनेको सङ्ख्या सिरहामा बढ्दै गएको छ।

शीतलहरका कारण विगत एक महिनाको अवधिमा सिरहामा मात्रै तीनजनाको मृत्यु भएको छ भने १० जना आगोमा जलेर घाइते भई उपचार गराइरहेको जिल्ला प्रशासन कार्यालय सिरहाले जनाएको छ। चिसोका कारण कर्जन्हा नगरपालिका-३ बन्दीपुरका ७० वर्षीय बिल्टु महतो, मिर्चैया नगरपालिका-७ का ८ वर्षीय जावीर राइन र बरियारपट्टि गाउँपालिका-१ की प्रयागदेवी साहको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय सिरहाले जनाएको छ।

गत पुसको दोस्रो सातादेखि हालसम्मको अवधिमा उहाँहरूको मृत्यु भएको सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलले बताउनुभयो। तीनै जनाको घुरमा आगो ताप्ने क्रममा नै जलेर मृत्यु भएको उहाँको भनाइ छ। सो अवधिमा चिसो छल्न बालिएको घुरमा आगो ताप्ने क्रममा जलेर १० जना घाइते भएको र उहाँहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको प्रजिअ कणेलले जानकारी दिनुभयो।

"बढीजसो आगो ताप्ने क्रममा मानिसको मृत्यु भएको छ", उहाँले भन्नुभयो, "जाडो महिनामा न्यानो हुन तराईमा घुर आगो ताप्ने चलन छ तर आगो ताप्दा सचेतता नअपनाएकै कारण धेरैजसोको ज्यान जाने गरेको छ।" त्यसैले चिसो छल्न बालिएको घुरमा आगो ताप्दा होस पुऱ्याउनुपर्ने उहाँको भनाइ छ। अत्यधिक चिसो र शीतलहरबाट प्रभावित विपन्न, दलित परिवारका लागि घुर चिसो छल्ने माध्यम भए पनि आगो ताप्ने क्रममा सावधानी नअपनाउँदा आगलागीको घटनासमेत वृद्धि भएको छ। गत मङ्सिरको अन्तिम साताबाट चिसो क्रमशः बढ्दै गएको छ। चिसो छल्न बालिएको घुरबाट हालसम्म सिरहाको मिर्चैया, भगवानपुर, लहानलगायत आधा दर्जन स्थानमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

ती आगलागीका कारण करीब रु तीन करोडभन्दा बढीको धनमालको क्षति भइसकेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक शालिग्राम शर्माले बताउनुभयो। "जिल्लामा भएका अधिकांश स्थानमा भएको आगलागीको प्रमुख कारण नै घुर हो", प्रहरी नायब उपरीक्षक शर्माले भन्नुभयो, "बिहान र बेलुका गाईगोठमा घुर बाल्ने गर्छन् तर बिर्सेर आगो राम्ररी निभाउँदै, बिर्सेर अरू काममा व्यस्त हुँदा आगलागीको घटनाहरू हुने गरेको छ।"

जिल्लाको अधिकांश स्थानमा भएको आगलागीको घटनाका प्रमुख कारण नै घुर हो। तर पनि यसको नियन्त्रण, जोखिम न्यूनीकरण र व्यवस्थापनमा भने खासै ध्यान दिएको पाइँदैन। घुरबाट हुने आगलागीमा परेर मृत्यु हुनेको यर्थाथ तथ्याङ्क नभएपनि यसबाट नेपालमा बर्सेनि धेरै मानिसले ज्यान गुमाउँछन्, सयौं घाइते र अर्बौंको क्षति हुन्छ। घरबाट हुने आगलागीकै कारण धेरै घरगोठ जलेर घर नष्ट हुने गरेका छन् भने यसबाट हुने क्षतिको अनुपात वार्षिक रूपमा करिब तीन गुणाले बढ्दै गएको अनुमान छ।

साथै केटाकेटीले जथाभावी आगो खेलाउँदा पनि आगलागी हुने गरेको उहाँको भनाइ छ। घुर कसैका लागि चिसो छल्न आधार बन्दा कसैकसैका लागि अभिशाप बन्ने गरेको छ। त्यसैले चिसोको समयमा सही ढङ्गबाट घुर बाल्न र आगलागीको घटनामा कमी ल्याउन सरोकारवाला निकायहरूले जनचेतना जगाउनुपर्ने नागरिक समाजका रामानन्द गुप्ताले बताउनुभयो।

"गाउँघरमा अझै यो विषयमा चेतना छैन, त्यसैले लापरबाही हुँदा एकै छिनमा अकल्पनीय घटनाहरू भइरहेका छन्", उहाँले भन्नुभयो, "त्यसका कारण चिसोका मौसममा घुर बाल्दा के के कुरामा सावधानीहरू अपनाउने ? चिसोबाट कसरी जोगिने ? लगायतका विषयमा सरोकारवालाले नागरिकलाई सचेत बनाउनुपर्छ।" अनि मात्रै वर्सेनी हुने आगलागी र जलेर हुने मृत्युको घटनामा कमी ल्याउन सकिने उहाँको कथन छ।

---

### राजविराज आउँदै ...

ती महिलाको पहिचान खुल्न सकेको छैन्।

दुहवी नगरपालिका १० सिमरियास्थित सडकखण्डमा भएको दुर्घटनामा विराटनगरका ५२ वर्षीय जय नारायण यादव, सप्तरीको मन्सापुरकी ६० वर्षीया ईन्द्रमला देवी, राजविराज ७ का १४ वर्षीय निरज यादव, ३८ वर्षीय सुरेश मण्डल लगायत घाइते भएका छन्।

यस्तै सुनसरीको ईनरुवा ८ गणेशपुरका ५२ वर्षीय चन्द्र मेहता, भोक्राहाका १९ वर्षीय प्रशान्त यादव, प्रकाशपुरका २३ वर्षीय भरत यादव घाइते भएका छन्।

घाइते सबैको विराटनगरस्थित विराट नर्सिङ होममा उपचार भइरहेको प्रहरी श्रोतले जनाएको छ।

### संसद विघटन...

राजविराजस्थित राजरंगशालामा हुने सो जनसभालाई जसपाका कार्यकारी अध्यक्ष उपेन्द्र यादव, वरिष्ठ नेता राजेन्द्र महतो लगायतले सम्बोधन गर्ने तय भएको जसपा सप्तरी प्रचार प्रसार विभागका संयोजक अमरनाथ मण्डलले जानकारी दिएका छन्।

संसद विघटनलाई असंबैधानिक कदम भन्दै जसपाले चरणबद्ध बिरोध कार्यक्रमहरु गर्दै आएको छ। संसद पुर्नस्थापना नभएसम्म आन्दोलन जारि रहने सो पार्टीले जनाएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसुपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# उखु किसानले सबै रकम भुक्तानी पाएनन्: भुक्तानी नभए आन्दोलन

काठमाडौँ, ६ माघ (रासस)।

सरकारसँग चारबुँदे सहमतिपछि स्थगित उखु किसानको अन्दोलनपछि किसानले रु साढे ४७ करोड भुक्तानी पाएका छन्।

उखुको बक्यौता रकम भुक्तानीका विषयमा उखु किसान र सरकारबीच सहमति भएको सोमबार २१ दिन पूरा भएको छ। उखुको बक्यौता रकम माग्दै गत मङ्सिर २८ देखि काठमाडौँको माइतीघरमा आन्दोलनरत उखु किसान र सरकारबीच गत पुस १३ गते चारबुँदे समझदारीपत्रमा हस्ताक्षर भएको थियो। उनीहरूले आइतबार साँझसम्म तीन वटा चिनी उद्योगबाट रु साढे ४७ करोड भुक्तानी पाएका हुन्।

सहमतिअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले चिनी उद्योगीले उखु किसानलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकम सम्बन्धित उद्योगबाट २१ दिनभित्र उपलब्ध गराउने व्यवस्था मिलाउने भनिएको छ। रु ६५ करोडभन्दा बढी बक्यौता रकममध्ये आइतबार साँझसम्म तीन वटा चिनी उद्योगले रु साढे ४७ करोड बक्यौता रकम भुक्तानी गरेको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार उखुको बक्यौता रकम माग्दै किसानले आन्दोलन नै गरेपछि मन्त्रालयले भुक्तानी नगर्ने मिललाई कारबाही गर्ने बताएको थियो। सम्बद्ध सञ्चालकलाई पक्राउ गर्न प्रहरीमार्फत पक्राउ पूर्जी पनि जारी गऱ्यो। त्यसपछि मात्र भुक्तानी उठेको हो। माघ ४ गते साँझसम्म करीब रु साढे ४७ करोड भुक्तानी भएको छ। श्रीराम सुगर मिल, अन्नपूर्ण सुगर मिल र लुम्बिनी सुगर मिलले रु ४७ करोड ४५ लाख बक्यौता रकम भुक्तानी गरेको मन्त्रालयका सूचना अधिकारी प्रेमलाल लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार इन्दिरा सुगर मिलले किसानको बैंक खातामा न्यून रकम जम्मा गरेको देखिएको छ। उखु किसान र सरकारबीच सहमति हुनु अगाडि नै सो मिलले रु ३३ करोड बक्यौता रकम भुक्तानी गरेसकेका थिए। सम्झौता भएको २१ दिनको अवधिमा ती उद्योगले न्यून मात्रामा रकम भुक्तानी गर्ने गरेको उहाँको भनाइ छ।

सूचना अधिकारी लामिछानेका अनुसार सबैभन्दा धेरै श्रीराम सुगर मिलले रु ३१ करोड ८१ लाख बक्यौता रकम भुक्तानी गरिसकेको छ। रु ३५ करोड बक्यौता रकम रहेको सो मिलले किसानले उखु खरीदको प्रमाण बुझाउन नसक्दा भुक्तानीमा ढिलाइ भएको र खातामा पर्याप्त रकम भएको जानकारी दिएको उहाँले बताउनुभयो। यसैगरी अन्नपूर्ण सुगर मिलले रु ११ करोड ४७ लाख बक्यौता रकम भुक्तानी गरेको छ। उक्त मिलले उखु किसानलाई रु १७ करोड बक्यौता रकम भुक्तानी गर्न बाँकी छ। अन्नपूर्ण र इन्दिरा सुगर मिलका सञ्चालक एकैभए तापनि हालसम्म इन्दिराले रकम भुक्तानी गरेको छैन। इन्दिरा सुगर मिलको खातामा रु एक करोड ५० लाख रकम जम्मा भएको देखिए पनि बक्यौता रहेको रु चार करोड ७० लाख भुक्तानी नगरेको उहाँले जानकारी दिनुभयो। दुवै मिलले अझै रु ११ करोड बढी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेको छ।

रु आठ-आठ करोड ४१ लाख बक्यौता रकम रहेको लुम्बिनी सुगर मिलले रु चार करोड १६ लाख बक्यौता रकम भुक्तानी गरेको छ। उक्त मिलले ५० प्रतिशतको हाराहारीमा रकम भुक्तानी गरेको पाइएको छ। किसान र सरकारबीच सहमति हुँदा श्रीराम सुगर मिलले रु २६ करोड ११ लाख, अन्नपूर्ण तथा इन्दिराले रु पाँच करोड २६ लाख र लुम्बिनी सुगर मिलले रु दुई करोड बक्यौता रकम भुक्तानी गरिसकेका थिए।

**भुक्तानी नभए आन्दोलन**

सहमतिअनुसार सोमबार साँझसम्म सबै बक्यौता रकम भुक्तानी नभए आन्दोलन गर्ने उखु किसान बताउँछन्। सरकारसँग सहमति हुनुअघिसम्म फटाफट बक्यौता रकम भुक्तानी गर्न शुरु गरेका चिनी मिल पछिल्लो समय सुस्तरूपमा भुक्तानी गरेको उखु किसान सङ्घर्ष समिति सर्लाहीका संरक्षक राकेश मिश्रले जानकारी दिनुभयो।

"सहमतिअघिसम्म रु ३३ करोड बढी रकम भुक्तानी भइसकेको थियो, सरकारसँगको सहमतिअनुसार २१ दिनको अवधिमा रु १४ करोडमात्र बक्यौता रकम भुक्तानी भएको छ, रकम भुक्तानीमा सरकारसँगै उद्योगीले बेवास्ता गरेँ", उहाँले भन्नुभयो, "सोमबार साँझसम्म उद्योग मन्त्रालयले दिएको तथ्याङ्कअनुसारको रकम भुक्तानी नभए आन्दोलनका कार्यक्रम घोषणा गर्छौं।" "अहिले थोरैथोरै भुक्तानी भइरहेको छ", उहाँले भन्नुभयो, "सम्झौता अवधिमा सबै रकम पाउन मुस्किल छ।"

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### भारतको सुरतमा दुर्घटना, १५ को मृत्यु

नयाँदिल्ली, ६ माघ (रासस/एएनआई)।

भारतको गुजरात राज्य अन्तर्गत पर्ने सुरतको कासाम्बा क्षेत्रमा भएको ट्रक दुर्घटनामा परी कम्तीमा १५ जनाको मृत्यु भएको छ।

दुर्घटनामा मृत्यु भएकाको परिवारलाई दुई लाख भारतीय रुपैयाँको दरले राहत दिने प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा समेत गर्नुभएको छ।

मृतकप्रति श्रद्धान्जलि व्यक्त गर्दै उहाँले शोक सन्तप्त परिवारजनप्रति सहानुभूति समेत व्यक्त गर्नुभएको छ।

मृतकका आफन्तलाई प्रधानमन्त्री राष्ट्रिय सहायता कोषबाट सो रकम दिइने भएको अधिकारीले जानकारी दिएका छन्।

"सुरतमा भएको दुर्घटनामा परी मानवीय क्षति भएकोमा मलाई अत्यन्त दुःख लागेको छ, यो घटना ज्यादै पीडादायी छ, शोकाकुल परिवारजनप्रति सहानुभूति व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु," प्रधानमन्त्री मोदीले ट्वीटरमा लेख्नु भएको छ।

उहाँले घाइते भएकालाई पनि ५० हजार भारतीय रुपैयाँका दरले राहत रकम उपलब्ध गराइने अर्को ट्वीटमार्फत् जानकारी दिनुभएको छ।

सुरतको कोसम्बामा सोमबार राति एउटा ट्रकले ठक्कर दिँदा मृत्यु भएका १५ जनामध्ये सात जना महिला, सात जना पुरुष र एक जना एक वर्षीय शिशु रहेको अधिकारीले जनाएका छन्।

घाइते भएका छ जनाको अस्पतालमा उपचार भइरहेको स्थानीय प्रहरीको भनाइ छ।

### उपराष्ट्रपतिमा नवनिर्वाचित ह्यारिसद्वारा सिनेट सदस्यबाट राजीनामा

वासिङ्टन, ६ माघ (रासस/सिन्ह्वा)।

अमेरिकाको उपराष्ट्रपतिमा नवनिर्वाचित कमला ह्यारिसले सिनेट सदस्यबाट राजीनामा दिनुभएको छ।

उपराष्ट्रपतिको रुपमा सपथ ग्रहण गर्नु दुई दिनअघि उहाँले सोमबार सिनेटर पदबाट राजीनामा दिनु भएको हो।

"मैले अमेरिकाको सिनेट सदस्य पद मात्रै छाडेकी हुँ, सिनेटबाटै विदा लिएको छैन, म सिनेटमै रहन्छु," उहाँले ट्वीटरमा लेख्नु भएको छ।

अमेरिकामा उपराष्ट्रपति नै सिनेटको अध्यक्ष हुने व्यवस्था रहेकाले उहाँ उपराष्ट्रपतिमा निर्वाचित भएकाले स्वतः सिनेटको अध्यक्ष बन्नु हुने भएको छ।

सिनेट सदस्यबाट राजीनामा दिएपनि अध्यक्ष हुने भएकाले सिनेटबाट विदा नभएको उहाँले बताउनु भएको हो।

अमेरिकाको सिनेटमा अहिले डेमोक्रयाटिक र रिपब्लीकन दुवै पक्षका ५०/५० जना सदस्य रहेका छन्।

ह्यारिस डेमोक्रयाटको तर्फबाट उपराष्ट्रपतिमा निर्वाचित हुनुभएको हो। उहाँसँगै उहाँकै पार्टीका जो बाइडेन अमेरिकाको राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ। दुवै जनाले यही जनवरी २० तारिखमा सपथग्रहण गर्दै ह्वाइट हाउस प्रवेश गर्न लाग्नु भएको छ।

### इटालीका प्रधानमन्त्रीलाई विश्वासको मत प्राप्त

रोम, ६ माघ (रासस/सिन्ह्वा)।

इटलीका प्रधानमन्त्री गिउसेप कोन्टेले विश्वासको मत प्राप्त गर्नुभएको छ।

इटलीको तल्लो सदनमा सोमबार भएको मतदानबाट उहाँले विश्वासको मत कायमै राख्नु भएको हो।

मतदानको नतिजाअनुसार तल्लो सदनका कुल सांसदमध्ये ३२१ जनाले प्रधानमन्त्रीको पक्षमा मतदान गरेका थिए भने २५९ जनाको मत विपक्षमा परेको थियो।

संसद् सचिवालयका अधिकारीका अनुसार मतदानका बेलामा २७ जना अनुपस्थित रहेका थिए।

पूर्वप्रधानमन्त्री म्याट्टिओ रेन्जी नेतृत्वको इटालियन भिभा पार्टीले प्रधानमन्त्री कोन्टेलाई पदमुक्त गर्न अविश्वासको प्रस्ताव दर्ता गरेको थियो। तर उनीहरुको प्रस्ताव असफल भएको छ।

सरकारले बहुमत गुमाएकाले सरकार सङ्कटमा रहेको विपक्षीले अघिल्लो हप्ता दावी गरेका थिए।

प्रधानमन्त्री कोन्टेले नयाँ गठबन्धन बनाएर विश्वासको मत बचाउन सफल हुनुभएको हो।

पाँच वर्षे कार्यकाल रहेको संसद्का लागि गत सन् २०१८ मा आम निर्वाचन भएको थियो।

# दुई लाख ३८ हजारले डाउनलोड गरे 'नागरिक एप'

काठमाडौँ, ६ माघ (रासस)।

"सञ्चार र सूचना प्रविधिको टेवा, हात हातमै सरकारी सेवा" भन्ने नाराका साथ शुक्रबार सार्वजनिक गरिएको 'नागरिक एप' प्रति प्रयोगकर्ताको आकर्षण देखिएको छ। शुक्रबार साँझ सार्वजनिक गरेको सो एपमा सोमबार उपराह्न ४ बजेसम्म दुई लाख ३८ हजार ८०६ जना प्रयोगकर्ताले डाउनलोड गरेको पाइएको छ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रका अनुसार एप डाउनलोड गर्नेमध्येबाट हालसम्म ६३ हजार ५८० जना प्रयोगकर्ताले एप सञ्चालन गरिसकेका (खाता खोल्न सफल भएको) छन्। धेरै सङ्ख्यामा नागरिक एप डाउनलोड भएता पनि विभिन्न कारणले गर्दा एक लाख ७५ हजार २२७ जना प्रयोगकर्ताको विवरण प्रमाणीकरण हुन नसकेको केन्द्रका सूचना अधिकारी रमेशप्रसाद पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार धेरै प्रयोगकर्ताको आफ्नै नाममा सिमकार्ड नहुनु तथा गृह मन्त्रालयको तथ्याङ्कअनुसार नागरिकता नम्बर र राहदानी नम्बर फरक हुँदा विवरण प्रमाणीकरण हुन नसकेको हो।

परीक्षणको क्रममा रहेको उक्त एपमा प्रयोकर्ताको आकर्षण देखिएता पनि विभिन्न कारणले एप सञ्चालनमा कठिनाइ देखिएको पोखरेल बताउनुहुन्छ। नागरिकता, राहदानी वा मतदाता परिचयपत्रमा रहेको विवरण गृह मन्त्रालयमा रहेको डाटामा मेल नखाएको तथा अर्काको नामको सिमकार्ड प्रयोग गर्दा प्रमाणीकरण हुन नसकेको राष्ट्रिय सूचना प्रविधि केन्द्रका अधिकारीहरू बताउँछन्।

केन्द्रको तथ्याङ्कअनुसार प्रमाणीकरण भएका ६३ हजार बढी प्रयोगकर्तामध्ये सबैभन्दा धेरै प्रयोगकर्ताले नागरिकता नम्बर प्रमाणीकरण गरेका छन्। हालसम्म ४६ हजार प्रयोगकर्ताले नागरिकता प्रमाणीकरण गरेको, २३ हजार ३२२ जनाले राहदानी, १९ हजार ८८० जनाले मतदाता नामावली र २८ हजार ६३४ जनाले प्यान नम्बर प्रमाणीकरण गरेका छन्।

यसैगरी १४ हजार १८८ जनाले एसएलसीको प्रमाणपत्र र छ हजार १११ जनाले उच्च शिक्षाको प्रमाणपत्र प्रमाणीकरण गरिसकेका छन्। तीन जनाले लोकसेवा, दुई हजार ७७३ जनाले सञ्चयकोष प्रमाणीकरण गरेका छन्। यस एपमध्येमा हालसम्म नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषमा प्रमाणीकरण भएका छैनन्।

नेपाल सरकारद्वारा प्रदान गरिने सबै किसिमका सेवालाई डिजिटल गरी एकीकृत प्लेटफर्मबाट सेवा प्रवाह गर्ने भन्दै शुक्रबारबाट नागरिक एप सञ्चालनमा ल्याइएको हो। शुरुआती चरणमा गृह मन्त्रालय, निर्वाचन आयोग र राहदानी विभागमा रहेका विवरणलाई प्रयोग गरी यस एप्समा नागरिकको डिजिटल परिचय स्थापित गरिएको छ। आगामी दिनमा राष्ट्रिय परिचयपत्रलाई जोड्ने योजना सरकारको छ।

# अनलाइन सञ्चारमाध्यम नवीकरण गर्ने व्यवस्था खारेजीको माग गर्दै रिट

काठमाडौँ, ६ माघ (रासस)।

अनलाइन सञ्चारमाध्यम हरेक वर्ष नवीकरण गर्नु पर्ने प्रावधानको खारेज गर्न माग गर्दै सोमबार सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। पत्रकार तथा अधिवक्ताद्वय लीलानाथ घिमिरे र विष्णु गिरी 'निश्चल'ले अनलाइन सञ्चारमाध्यम हरेक वर्ष नवीकरण गर्नुपर्ने प्रावधानविरुद्ध रिट दायर गर्नुभएको हो।

अधिवक्ताद्वयले नेपालको संविधान तथा सञ्चारसम्बन्धी कानूनले पत्रपत्रिकाको दर्ता कहिल्यै खारेज नहुने व्यवस्था गरेको अवस्थामा सूचना तथा प्रसारण विभागले दर्ता गरेर सञ्चालन अनुमति दिएका अनलाइन पत्रपत्रिकालाई भने हरेक आर्थिक वर्ष सकिएपछि नवीकरण गर्नै पर्ने बाध्यकारी व्यवस्था गरेर संविधानसँग बाझिने व्यवस्था गरिएकाले उक्त प्रावधान खारेजीको माग गरिएको छ। सो रिटको पेशी बुधबार तोकिएको सर्वोच्चले जनाएको छ।

अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका २०७४ मा अनलाइन सञ्चारमाध्यम दर्ता भएपछि नवीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। एकपटक दर्ता भइसकेका अनलाइन समयमा नवीकरण नगरे सूचना तथा प्रसारण विभागले दर्ता खारेज गर्ने व्यवस्था गरेको छ।

नेपालको संविधान २०७२ ले समेत प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चित गरेको छ। संविधानको धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा १९, धारा २७ ले सूचनाको हक प्रदान गरेको छ। रिट निवेदक अधिवक्ता गिरीले संविधानले प्रदान गरेको अधिकारलाई कानून बनाएर व्यवस्थित गर्न सकिने बताउनुभयो तर कानूनमै नभएको कुरा निर्देशिका जारी गरेर अङ्कुश लगाउन नहुने उहाँको भनाइ छ।

# चिसोबाट चारको मृत्यु

वीरगञ्ज, ६ माघ (रासस)।

केही दिनयता बढेको अत्यधिक चिसोका कारण प्रदेश नं २ मा एक बालकसहित चार जनाको मृत्यु भएको छ।

केही दिनयता मौसममा एकाएक परिवर्तन आएपछि कठ्याङ्ग्रिदो जाडो, सिरेटो चिसो हावा तथा शीतलहरका कारण प्रदेश नं २ मा पुसयता चार जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ।

कार्यालयका अनुसार चिसो र शीतलहरबाट प्रभावित भई सर्लाहीको हरिपूर्वा-४ का २४ वर्षीय रोजाई शेख, सिरहा कर्जन्हा-३ बन्दीपुरका ७० वर्षीय बिल्टु महतो, बरियापुर-१ का ८५ वर्षीया प्रयागी देवी साह र मिर्चैया-७ का ८ वर्षीय बालक जाबिर राइनको मृत्यु भएको छ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**

**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**

**राजविराज**


# पेट्रोल तथा डिजेलको मूल्य बढ्यो

काठमाडौँ, ६ माघ (रासस)।

नेपाल आयल निगमले पेट्रोल तथा डिजेल/मट्टितेलको मूल्य वृद्धि गरेको छ। सोमबार रातिदेखि लागू हुने गरी पेट्रोल तथा डिजेल/मट्टितेलको साबिक खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु दुईका दरले वृद्धि गरिएको निगमले जनाएको छ।

निगमको डिपो क्षेत्रको १५ किलोमिटर परिसरभित्रका लागि पेट्रोल तथा डिजेल/मट्टितेलको नयाँ खुद्रा बिक्री मूल्य क्रमशः रु ११० र रु ९३ प्रतिलिटर कायम गरेको छ। हवाई इन्धन तथा एलपी ग्यासको मूल्य हाललाई यथावत् नै राखिएको निगमले जनाएको छ।

मूल्य समायोजनपश्चात् पनि पेट्रोलमा प्रतिलिटर रु ४.३४, डिजेलमा प्रतिलिटर रु २.९६ तथा एलपी ग्यासमा प्रतिसिलिन्डर रु १३४.७२ घाटा रहेको निगमले जनाएको छ। अर्धवार्षिकरूपमा निगमलाई रु ४९.८८ करोड घाटा हुने र सो घाटा रकम मूल्य स्थिरीकरण कोष तथा निगमको सञ्चित नाफाबाटा व्यवस्थापन गरी पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज गरिने निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो।

हालको मूल्य समायोजनपश्चात् पनि भरतीय सीमा रक्सौलसँग जोडिएको नेपालको वीरगञ्ज क्षेत्रमा पेट्रोल प्रतिलिटर रु ३२.२६ र डिजेल प्रतिलिटर रु ३७.६४ ले नेपालतर्फ सस्तो रहेको पनि निगमले जनाएको छ। निगमले पछिल्लो समय पेट्रोलियम पदार्थको स्वचालित मूल्य कार्यान्वयन कार्यविधि, २०७१ अनुसार प्रत्येक महिनाको १५/१५ दिनको अन्तरमा मूल्य समायोजन गर्दै आएको छ। निगमले एलपी ग्यासको बिक्री मूल्य २०७६ माघ २० गतेदेखि लागू हुने गरी प्रतिसिलिन्डर रु एक हजार ३७५ कायम गरेको थियो।

इन्डियन आयल कर्पोरेशनबाट १ डिसेम्बर २०२० प्राप्त मूल्यअनुसार मिति गत मङ्सिर २८ मा पेट्रोल तथा डिजेल/मट्टितेलमा साबिक मूल्यमा प्रतिलिटर क्रमशः रु एक र रु दुई ले वृद्धि गरी पेट्रोलको प्रतिलिटर रु १०८ र डिजेल/मट्टितेलको प्रतिलिटर रु ९१ कायम गरेको थियो। त्यसपछि आइओसीबाट १६ डिसेम्बर २०२० र १ जनवरी २०२१ मा प्राप्त खरीद मूल्यमा बढेर आएको तथा पेट्रोलियम पदार्थको स्वचालित मूल्य कार्यान्वयन कार्यविधिअनुसार सो मितिमा मूल्य वृद्धि गर्नुपर्ने देखिएको भए तापनि मूल्यवृद्धि नगरिएको निगमले जनाएको छ। हाल १६ जनवरी २०२१ मा प्राप्त मूल्यअनुसार १ डिसेम्बर २०२० को तुलनामा मूल्यवृद्धि नगर्दा निगमलाई अर्धवार्षिक रु ६७.५५ करोड घाटा हुने अवस्था रहेको निगमले जनाएको छ।





**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।**

हाम्रो सेवाहरु →




**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*